# खुम्बु पासाङल्हामु गाउँपालिकाको

## प्रकोप व्यवस्थापन कार्य योजना विनियम २०७४

(स्वीकृत मिति : २०७४ / ०८ / १९ गते )

# खुम्बु पासाङल्हामु गाउँपालिका

गाउँ कार्यपालिकको कार्यालय

सोलुखुम्बु

# प्रकोप व्यवस्थापन कार्य योजना विनियम–२०७४

**प्रस्तावनाः**

यस गाउपालिका क्षेत्र भित्र आकस्मिक रुपमा हुन सक्ने दैवीक प्रकोपको घट्नालाई न्यूनिकरण गर्न र त्यसको  व्यवस्थापन सम्बन्धि कार्यमा गाउवासीहरुलाई सुसुचित गर्न तथा त्यस्ता घट्नाहरुको सामना कसरी गर्ने रत्यसबाट बच्ने उपायका सम्बन्धमा जानकारी गराउनुका साथै सो बाट  क्षति भई सके पछि गाउपालिकाको तर्फबाट केही राहत हुने गरी क्षति पूर्ति दिई गाउवासीलाई प्राकृतिक प्रकोपबाट सुरक्षित महशुस गराउने र "खुम्बु पासाडल्हमु गाउपालिका प्रकोप व्यवस्थापन कोष" कोस्थापना गरी त्यसको परिचालनलाई व्यवस्थितगर्नको लागी खुम्बु पासाडल्हामु गाउ सभाबाट अनुमोदन गर्ने गरी हाल यस गाउकार्यपालिकाले यो प्रकोप व्यवस्थापन कार्य योजना विनियम, २०७४ स्वीकृत गरि जारी गरेको छ।

**भाग १**

**प्रारम्भ**

१.१ संक्षिप्त नाम र प्रारम्भ यस विनियमावलीको नाम*खुम्बु पासाडल्हामु* गाउपालिकाको प्रकोप व्यवस्थापन कार्य योजना विनियम, २०७४ हुनेछ । यो विनियम गाउ कार्यपालिकाबाट स्वीकृत भए पछि लागू हुनेछ।

१.२ परिभाषा विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

क) "खुम्बु पासाडल्हमु गाउपालिका" भन्नाले नेपालको सविधान र प्रचलित कानुन बमोजिम गठित खुम्बु पासाडल्हमु गाउपालिकालाई जनाउने छ।

ख) "कोष" भन्नाले खुम्बु पासाडल्हमु गाउपालिका प्रकोप व्यवस्थापन कोष लाई सम्झनु पर्दछ।

ग) "सभा" भन्नाले खुम्बु पासाडल्हमु गाउपालिकाको सभालाई सम्झनु पर्दछ।

घ) "गाउ कार्यपालिका" भन्नाले खुम्बु पासाडल्हमु गाउपालिकाको गाउ कार्यपालिकलाई सम्झनु पर्दछ।

ङ) तोकिएको वा तोकिए बमोजिम भन्नाले वोर्डले निर्णय गरि समय समयमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ।

च) "विनियम" भन्नले प्रचलित कानुन अर्न्तगत रहि विभिन्न विषयसंग सम्बन्धीत रहि खुम्बु पासाडल्हमु गा पा बाट आवश्यकताको आधारमा बनाई लागु गरिएका विनियमहरुलाई सम्झनु पर्दछ।

## भाग –२
## आगलागी नियन्त्रणका लागि गर्नु पर्ने कार्य

२.१ गाउपालिका क्षेत्रभित्र ठाउंठाउंमा विशेषगरी लुक्ला,नाम्चे जस्ता वाक्लो बस्ती भएका स्थानहरुमा Sease Fire जस्ता उपकरणहरु जडान गरि कार्यालय एवं नजिकका समुदायमा समेत सो उपलकरणद्धारा तत्काल आगलागी नियन्त्रण गर्न सहयोग पुऱ्याउने हुदा सो को व्यवस्थापनको लागि पहल गरिनेछ।

२.२ तत्काल आगलागी नियन्त्रणको लागि यस कार्यालयमा चालु अवस्थामा सामाग्रीहरुको व्यवस्था मिलाउने छ ।

२.३ दिर्घकालीन आगलागी समाधानको लागी अत्याधुनीक वारुण यन्त्र सँचालनको लागी कतैबाट सहयोग स्वस्प प्राप्त हुने भएमा मन्त्रालयलाई व्यवस्थापन गरि सहयोग गरि दिन अनुरोध गरीने छ ।

२.४ आगलागी नियन्त्रणको लागि क्षेत्र भित्रको पोखरी, ईनार, खानेपानी कुवा, धारा आदीको व्यवस्थापन मिलाउने छ । खोला नदी किनारमा जान आउन सहज बाटोको लागि व्यवस्था गरिने छ । खानेपानीका लाईन कुलोलाई पनि सहज हुने गरि विकल्पको विकास गरिने छ ।

## भाग –३
## भुकम्प सम्बन्धमा गर्नु पर्ने कार्य

३.१ गाउ क्षेत्रभित्र सुरक्षित घर निर्माणको लागी सम्बन्धीत घर धनीलाई जानकारी मुलक सुचना प्रवाह गरिने छ ।

३.२ भुकम्प प्रतिरोधात्मक घरहरु निर्माणको लागि प्रचार प्रसार कार्य यस अगाडी पनि संचालन गरिएकोमा पुनः सो कार्यलाई थप प्रभावकारी र निरन्तराता दिइने छ ।

३.३ भवन निर्माणको लागि जनचेतना जगाई भवन निर्माण आचरसंहिता र मापदण्ड लागु गर्ने तर्फ अगाडी बढाइने छ ।

३.४ भुकम्प आई धनजनको क्षति भएमातत्काल उद्धार गर्ने गरी सतर्कता अपनाइने छ ।

## भाग –४
## बाढी/पहिरो,हिम वर्षा नियन्त्रणका लागी गर्नु पर्ने कार्य

४.१ यस गाउपालिका क्षेत्र भित्र रहेका नदी,हिमताल, खोला र अन्य खोल्साहरुमा वर्षेनी आउने बाढी पहिरो तथा अन्य हिम पहिरोको प्रकोपकोन्यूनिकरण गर्नको लागि एउटा संरक्षण समिति गठन गर्ने र त्यसैको सल्लाह सुझावको आधारमा सुधार कार्यक्रम बनाई सो कार्यक्रममा निरन्तरता दिन आवश्यक पहल गरिने छ ।

४.२ पहिरो जान सक्ने जग्गा जमिनहरुमा आवश्यक देखिएको स्थानमा बृक्षारोपणको कार्यक्रम संचालन गर्न पहल गरिने छ ।

४.३ अन्य विकल्पहरु विकास गरी वाढी/पहिरो, हिम ताल विष्फोट आदी नियन्त्रणको लागी अन्य निकायहरुसंग पनि समन्वय गरि कार्य अगाडी बढाइने छ ।

## भाग – ५
## माहामारी रोग नियन्त्रण सम्बन्धमा गर्नु पर्ने कार्य

५.१ यस गाउपालिका क्षेत्रमा महामारी रोग सम्बन्धी समस्या उत्पन्न भएमा भविष्यमा आकस्मिक रुपमा माहामारी रोग फैलन सक्ने भएकाले सो को रोकथाम एवं न्यूनिकरणको लागि निम्नानुसार कार्य संचालन गरिने छ ।

५.१ (क) सरुवा रोग तथा विभिन्न महामारी रोग उत्पन्न भएमा जनस्वास्थ्य संग सम्बन्धीत संघ संस्थाहरु तथा सुरक्षा निकायहरु सम्मिलित एक समिति गठन गरि आवश्यक कार्यक्रम संचालन गरिने छ । र यस्को परिचालन तथा संचालन गाउपालिकाले गर्ने छ ।

५.१ (ख) रोग नियन्त्रणको लागी आवश्यक औषधी आपूर्तिको व्यवस्थापन मिलाउने तथा रोग प्रतिरोधात्मक खोपहरु संचालन गरिने छ ।

## भाग –६
## प्रकोप व्यवस्थापन कोष

६.१ प्रकोप कुनै योजना बनाएर आउने विषय होईन र यो विपद निम्त्याएर आउदा के कति क्षती हुन्छ, त्यसको लेखा जोखा गर्न सकिदैन् । त्यस्तो आपत विपद परेको वेलामा श्रोत साधन जुटाउन पनि कठिन हुन सक्छ ।त्यसैले यस गाउपालिका क्षेत्र भित्र हुन सक्ने त्यस्तो प्रकोपको क्षती हेरि राहत वितरण गर्नका लागि गाउपालिकाको एक प्रकोप व्यवस्थापन कोष स्थापन गरिएको छ ।

६.२ खुम्बुपासाडल्हामु गाउपालिका प्रकोप व्यवस्थापन कोषमा निम्न अनुसारका रकमहरु जम्मा गर्न सकिनेछ ।

६.२क) गाउपालिकाले प्रकोप व्यवस्थापन कोषको लागि छुट्याएको रकम ।

६.२ख) गाउपालिकाको प्रत्येक वर्ष प्रकोप व्यवस्थापन सम्बन्धी कार्यक्रमबाट प्राप्त हुन सक्ने रकम ।

६.२ग) गाउपालिका बाहेक अन्य सरकारी तथा गैहसरकारी निकाय वा संघ संस्था वा व्यक्तिबाट प्रकोप व्यवस्थापनका लागी प्राप्त अनुदान सहयोग तथा कार्यक्रम वापतको रकम ।

६.२घ) गाउपालिकाले अन्य कुनै पनि प्रक्रिया पूरा गरी कोषमा जम्मा गर्न भनी निर्णय गरेको रकम ।

६.३ यस गाउपालिका प्रकोप व्यवस्थापन कोषबाट तत्कालको लागि भाग सात मा उल्लेख भए बमोजिमको रकम खर्च गर्न सकिनेछ । सो बाहेक अन्य खर्च गर्नु

पर्दा गाउपालिकाको सभाबाट कार्यक्रम स्वीकृत गराई गाउकार्यपालिकाको निर्णय गराएर मात्र गर्न सकिनेछ ।

६.४ यस गाउपालिका प्रकोप व्यवस्थापन कोषमा जम्मा गर्ने र खर्च गर्ने प्रक्रिया नेपाल सरकार र स्थानीय तहका प्रचलित आर्थिक तथा अन्य ऐन कानुन बमोजिम नै हुनेछ ।

## भाग– ७

## प्रकोपबाट क्षति भईसकेपछि गाउपालिकाले गर्ने राहत समबन्धी व्यवस्था

७.१ यस गाउपालिका क्षेत्र भित्र उल्लेखित कुनै पनि विपद आईलागेमा र त्यस्तो विपद्बाट कोही पनि गाउवासीलाई राहत महशुस गराउन राहतको लागी निवेदन दिएमा तत्काल समस्या समाधानका लागि र व्यक्तिलाई पनि आफ्नो स्थानीय सरकारको उपस्थितिको महसुस हुने गरी विपद घटना र माग गर्ने व्यक्तिको अवस्था हेरी निम्न बमोजिम गाउपाकिलाको तर्फबाट प्रकोप व्यवस्थापन कोषबाट खर्च हुने गरि राहत सहयोग उपलब्ध गराउन सकिनेछ ।

७.१ क) मानवीय वा भौतीक संरचनामा सामान्य क्षति भएकोमा अवस्था हेरी रु. १,००० देखि रु. ५,००० हजार सम्म ।

७.१ ख) मानवीय वा भौतीक संरचना मध्ये कुनै एकमा विशेष क्षति भएकोमा अवस्था हेरी रु. १०,००० सम्म ।

७.१ग) मानवीय क्षति विशेष वा भौतीक संरचनामा सामान्य क्षती भएकोमा अवस्था हेरी रु. १५,००० सम्म ।

७.१ घ) मानवीय क्षति विशेष भएको वा भौतीक संरचनामा असामान्य क्षती भएकोमा अवस्था हेरी रु.५०,००० सम्म ।

७.१ ङ) मानवीय क्षति असामान्य भएको अवस्था हेरी रु. १,००,००० सम्म

७.२ मानवीय क्षती सम्बन्धमा

७.२ क) सामान्य भन्नाले सामान्य घाउ चोटपटक लागेको अवस्थालाई मानिने छ

७.२ ख) विशेष भन्नाले अपाङ्ग सम्म हुन सक्ने गरी विषेश घाउ चोटपटक लागेको अवस्थालाई मानीने छ ।

७.२ ग) असमान्य भन्नाले मृत्यु भएको वा मुत्यु नभए पनि जिवन भर अर्काको सहारामा बस्नु पर्ने असामान्य अवस्थालाई मानिनेछ ।

## **७.३ भौतीक क्षती सम्बन्धमाः**

७.३ क) सामान्य भन्नाले भौतिक संरचना तथा माल सामानमा सामन्य क्षेतिलाई मानिनेछ ।

७.३ ख) विशेष भन्नाले क्षती भएको भौतीक संरचना तथा मालसमानलाई मर्मत वा पुर्न स्थापित गर्न सकिने खालको विशेष अवस्थालाई मानिनेछ ।

७.३ग) असामान्य भन्नाले भौतीक संरचना तथा मालसामानको अस्तित्व नै नरहेको असामान्य अवस्थालाई मानिनेछ ।

७.४ उल्लेखित बमोजिमको क्षतीपूर्ति गाउपालिकाको तर्फबाट गाउवासीलाई तत्काल राहत दिईनेछ र सो भन्दा बढी क्षति पूर्ति दिनु परेमा गाउकार्यपालिकाको निर्णय गरेर मात्र दिन सकिनेछ ।

७.५ प्रकृतिक प्रकोपसंग सम्बद्ध अन्य निकायहरुसंग गाउवासीलाई भएको क्षती को लागि क्षतीपूर्ति प्राप्त गर्नुपर्ने सिफारिस वा अन्य पहललाई पनि निरन्तरता नै दिईनेछ ।

७.६ यस कोषबाट प्राकृतिक प्रकोपले यस गाउ पालिका क्षेत्र बाहेक अन्यत्र कुनै पनि स्थानमा क्षति पुर्याएको खण्डमा समितिको सिफारिसको आधारमा सो क्षति पुर्तिको लागी सहयोग गर्न सक्ने छ ।

## **भाग ८**
## **दैवि प्रकोप सम्बन्धमा अन्य व्यवस्था**

८.१ यस गाउपालिकालाई हुन सक्ने जुनसुकै दैविक प्रकोपबाट सचेत गराउन र कम भन्दा कम क्षति हुने गरी व्यवस्था मिलाउन गाउपालिकासंग दैविक प्रकोप क्षेत्रमा कार्य गर्ने अन्य सम्बद्ध निकायहरुसंग सर्म्पक/समन्वय गर्न गाउकार्यपालिकाले निर्णय गरी एक दैविक प्रकोप नियन्त्रण तथा व्यवस्थापन समिति बनाउन सक्नेछ र सो समितिमा निम्न सदस्यहरु रहने छन ।

गा.पा. अध्यक्ष............१ संयोजक

गा. पा. उपाध्यक्ष........१ सदस्य

वार्ड अध्यक्ष...............५ सदस्य

८.२ समितिले निम्न कार्यहरु गर्ने छ ।

८.२ क) गाउपालिकाको क्षेत्र भित्र भएका दैविक प्रकोप घटनाको पहिचान र आवश्यकता अनुसार क्षतिपूर्तिको लागि पहल गर्ने ।

८.२ ख) दैविक प्रकोप सम्बन्धमा गाउपालिकालाई सल्लाह सुझाब दिने ।

८.२ ग गाउपालिका बाहेक दैविक प्रकोपसंग सम्बन्धीत अन्य निकायहरुसंग सर्म्पक/समन्वयलाई निरन्तता दिने ।

८.२ घ) प्रकोप व्यवस्थापन कोष परिचालन सम्बन्धी कार्यहरु गर्ने ।

८.२ ङ) दैविक प्रकोप सम्बन्धमा अनुगमन सम्बन्धी कार्यहरु गर्ने

८.२ च) गाउपालिकाले तोकेको अन्य कार्यहरु गर्ने ।

८.३ प्रकोप सम्बन्धी तत्काल जनाउ दिने व्यवस्थाका लागि यस गाउपालिका क्षेत्र भित्र आकस्मिक कुनैदैवी प्रकोप विपत्ती उत्पन्न भएमा तत्काल गाउवासीलाई सचेत गराउने हिसावले गाउपालिका कार्यालय भवन वा उपर्युक्त अन्य कुनै स्थानमा एक शक्तिशाली साईरन जस्ता उपकरणको व्यवस्था गरी राख्ने र त्यसको आवश्यकता अनुसार प्रयोग गरि जानकारी गराउने र त्यस्ता उपकरणहरुको नियमित मर्मत सम्भार तथा व्यवस्थापनमा ध्यान दिइने छ ।

८.४ यस विनियमावलीलाई समयानुकुल परिवर्तन, परिमार्जन, काटछाट तथा थपघट गर्नु परे गाउपालिका सभाले गर्न सक्नेछ